# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७४ श्रावण ४ गते, बुधबार**

लेखापरीक्षण ऐन, २०४८ को दफा ७ (२) को व्यवस्था अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्ने व्यवस्था छ । नेपाल सरकारको अधिकांश शेयर स्वामित्वको नेपाल स्टक एक्सचेन्जको पूर्ण स्वामित्व भएको सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. र नेपाल सरकारको अधिकांश शेयर स्वामित्वमा रहेको बुटवल धागो कारखाना लि. को क्रमशः २०६७/६८ देखि २०७२/७३ सम्म र २०५९/६० देखि २०७२/७३ सम्मको लेखापरीक्षण गर्दा उल्लेखित कानुनी व्यवस्था विपरित हुने गरी लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षण गरेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४(१३) विपरित प्रचलित कानुनी अनुसार लेखापरीक्षकमा नियुक्ती हुन आवश्यक रित पूरा भए नभएको एकिन नगरी एन. के. शर्मा एण्ड कम्पनी, एस. आर पाण्डे एण्ड कम्पनी, टि. आर उपाध्याय एण्ड कम्पनी, कुवेर एण्ड कम्पनी, डी. मण्डल एण्ड कम्पनी र अर्याल एण्ड अर्याल चार्टड एकाउन्टेन्ट कम्पनीहरु लेखापरीक्षक नियुक्त भई लेखापरीक्षण समेत सम्पन्न गरेको पाइयो ।

यसरी कानुन विपरित लेखापरीक्षण स्वीकार गर्ने उपर कारबाही गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र कानुन बमोजिम उपरोक्त आर्थिक वर्षहरुको लेखापरीक्षण गराउन सम्बन्धित संस्थाहरुलाई महालेखा परीक्षकको तर्फबाट निर्देशन दिइएको छ ।

०७४।४।४

(रामुप्रसाद डोटेल)
नायव महालेखापरीक्षक/प्रवक्ता